# नमोबुद्ध नगरपालिकाको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी कार्यविधि, २०८२

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०८/२५

**नमोबुद्ध नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

# नमोबुद्ध नगरपालिकाको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता समबन्धि कार्यविधि, २०८२

*प्रमाणिकरण मितिः २०८२/०८/२५*

<u>**प्रस्तावनाः**</u>

यस नगरपालिकाको कार्यालयमा अस्थायी/करार सेवामा कार्यरत कर्मचारीहरू स्वेछिक रुपमा अवकास लिँदा, लोक सेवा आयोगबाट तथा अन्य प्रकृयाबाट स्थायी कर्मचारी आएपछि बिस्थापित हुँदा विस्थापित कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रदान गरी कार्यसम्पादन उत्प्रेरित गराउन साथै योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को व्यवस्था कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नमोबुद्ध नगर कार्यपालिकाले यो नमोबुद्ध नगरपालिकाको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी कार्यविधि, २०८२ बनाएको छ।

## <u>परिच्छेद-१ (एक)</u>

## <u>संक्षिप्त नाम र प्रारम्भ</u>

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम "नमोबुद्ध नगरपालिकाको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी कार्यविधि, २०८२" रहनेछ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कार्यविधि"** भन्नाले "नमोबुद्ध नगरपालिकाको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी कार्यविधि, २०८२" लाई बुझाउनेछ।

ख) **"रोजगारदाता"** भन्नाले नमोबुद्ध नगरपालिकालाई बुझाउनेछ।

ग) **"कोष"** भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा कोषलाई बुझाउनेछ।

घ) **"ऐन"** भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सम्झनु पर्दछ।

च) **"आर्थिक बर्ष"** भन्नाले श्रावण १ गतेबाट शुरु भई असार मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ज) **"मन्त्रालय"** भन्नाले सामाजिक कोषसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्दछ।

झ) **"कार्यालय"** भन्नाले सामाजिक कोषसँग सम्बन्धित कार्यालय सम्झनु पर्दछ।

ञ) **"योगदानकर्ता"** भन्नाले यस कार्यविधिले समेटिएका करार तथा अस्थायी रुपमा कार्यरत कर्मचारी सम्झनु पर्दछ।

ट) **"कार्यरत निकाय"** भन्नाले नगरपालिका, वडा कार्यालय र नगरपालिकाको स्वामित्वमा रहेका कार्यालयहरुमा कार्यरत सम्झनु पर्दछ।

ट) **"करारका कर्मचारी"** भन्नाले नगरपालिका, वडा कार्यालय र नगरपालिकाको स्वामित्वमा रहेका कार्यालयहरुमा नगरपालिकाले तलबभत्ता भुक्तानी गर्ने करार सेवामा कार्यरत सम्झनु पर्दछ।

## परिच्छेद-२ (दुई)

## कोषको आवद्धता सम्बन्धी व्यवस्था

**३. कोषमा आवद्ध हुने चाहिने योग्यताः**

क) नमोबुद्ध नगरपालिकाको स्वीकृत दरबन्दी भित्र अस्थायी/करार सेवामा निरन्तर ३ वर्ष देखि अविच्छिन्न रुपमा कार्यरत रहेका कर्मचारी यस कोषमा आवद्ध हुन सक्नेछन।

ख) कोषमा आवद्ध हुन कर्मचारीले रितपुर्वक निवेदन दिनुपर्नेछ।

ग) यो कार्यविधि लागु भएको मिति देखि सामाजिक सुरक्षा कोषमा आवद्ध हुन सक्नेछन।

घ) योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा नगरपालिकाको तर्फबाट देहायको अवस्थामा दायित्व बेहोरिने छैनः

(१) प्रचलित कानून बमोजिम फौजदारी अभियोगमा कसुरदार ठहरिएको।

(२) नेपाल सरकार तथा प्रदेश सरकारको शशर्त बजेटबाट तलब सुविधा प्राप्त गर्ने तथा कुनै बिशेष आयोजना/परियोजनाबाट पूर्ण रुपमा तलब सुविधा भुक्तान हुने गरि अस्थायी/करारमा नियुक्त कर्मचारीले यो सुविधा प्राप्त गर्ने छैन।

(३) करार सम्झौता भंग भएको।

ङ) योगदानमा आधारित सामाजिक सुरक्षा कोषको रकम भुक्तानीको लागि सिफारिस गर्दा सम्बन्धित कर्मचारीको नाममा बेरुजु तथा नगरपालिकामा तिर्नुपर्ने रकम नभएको अवस्थामा मात्र गरिनेछ।

**४. कोषमा जम्मा गरिने रकमः**

कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछः

क) योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ अनुसार खाईपाई आएको तलबको कम्तिमा साठी प्रतिशतलाई आधारभूत तलब मानी त्यसको २० प्रतिशत रोजगारदाता (नगरपालिका)बाट र ११ प्रतिशत श्रमिक (कर्मचारी)बाट गरी कुल ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा प्रत्येक महिना नगरपालिकाले जम्मा गर्नुपर्नेछ। साथै यस सम्बन्धी अन्य व्यवस्था सम्बन्धित निकायबाट समय समयमा जारी गरिने कानून, परिपत्र तथा निर्देशन बमोजिम थपघट हुन सक्नेछ।

**५. श्रोत व्यवस्थापनः**

क) रोजगारदाता (नगरपालिका) को तर्फबाट कोषका लागि आवश्यक पर्ने बजेट तथा आर्थिक व्यवस्थापन नगर कार्यपालिका र नगर सभाले करार/अस्थायी कार्यरत कर्मचारी एकिन गरी वार्षिक रुपमा आवश्यक बजेट विनियोजन गर्नुपर्नेछ।

**६. कबुलियतनामा गर्नु पर्नेः**

क) यो कार्यविधि अनुसार कोषबाट सुविधा लिन चाहने कर्मचारीहरु नगरपालिकाबाट प्रकाशन हुने सूचनाका आधारमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि तोकिए बमोजिमको निवेदन पेश गर्नु पर्दछ।

## परिच्छेद-४ (चार)

## संसोधन र बचाउ

**७. संसोधन र बचाउ :**

क) कार्यविधि संशोधन आवश्यक देखेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ तर यसरी संशोधन गर्दा यस कार्यविधि बमोजिम प्राप्त भईरहेको सुविधामा मर्का पर्ने गरी संशोधन गरिने छैन।

ख) यो कार्यविधिमा उल्लेख गरिएका विषयको हकमा यस कार्यविधि अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

ग) यस कार्यविधिमा लेखिएका विषयहरू प्रचलित स्थानीय सरकार संचालन ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ तथा अन्य नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत निष्कृय हुनेछ।